

## वास्तवमा संस्कृति र सकारात्मक संस्कार

डा. नम्रता पाण्डे

३


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक-६, झापा

**फाल्गुनन्द चौक**

फोन: ०२३-५७५४०९





जि.प्र.का.झापा द.नं.६९ ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :

**देवीप्रसाद सिटौला**

(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:

**राजकुमार श्रेष्ठ**

९८०६०१०४१०



❑ वर्ष-२१ ❑ अंक - १८६ ❑ २०८३ असार ३१ गते बुधबार ❑ Wednesday, 16 July, 2026 ❑ मूल्य ७ /-


### युवाशक्ति विदेशिँदा खेतियोग्य जमिन बाँझै, राज्यको उदासिनता

# आत्मनिर्भर चुनौती बन्दै

- ✦ मधेशका खेतियोग्य उर्वर भूमिदेखि पहाडका बेसीसम्मका जग्गा बाँझो र उजाड देखिन थालेका छन् ।
- ✦ कतै घडेरीका रूपमा त कतै अव्यवस्थित सहरीकरण, जमिनको विनाशसँगै गाउँघरमा श्रमशक्तिको अभाव ।

बिमल लामिछाने



समाचार विश्लेषण

**दमक/** नेपालको कृषि क्षेत्रमा देखिएको सबैभन्दा ठुलो चुनौती खेतीयोग्य जमिनको तीव्र संकुचन हो । कृषि विभागको तथ्यांकले आर्थिक वर्ष २०७६/७७ देखि २०८२/८३ सम्मको अवधीमा मात्रै ८२ हजार ४३ हेक्टर खेतीयोग्य जमिन घटेको देखाउँछ । यो विशाल भूभाग कतै घडेरीका रूपमा त कतै अव्यवस्थित सहरीकरण र औद्योगिक कोरिडोरका नाममा कंक्रिटको जंगलमा परिणत भएको छ ।

संघीयताको कार्यान्वयनसँगै राजधानी बाहिरका प्रादेशिक र स्थानीय केन्द्रहरूमा जग्गाको खण्डीकरण र प्लटिङ तीव्र बन्यो । विशेषगरी एक दशकअघिको विनाशकारी भूकम्पपछि सरकारी आवास अनुदान लिने प्रक्रिया र पारिवारिक अंशबन्डाका कारण उर्वर फाँटहरू टुक्रा-टुक्रामा विभाजित भए । खेती नहुने स्थानमा मात्र सहर बसाउने र औद्योगीकरण गर्ने विश्वव्यापी अभ्यासलाई नेपाली नीतिनिर्माताले पूर्णतः उपेक्षा गर्दा आज देशले यो तितो यथार्थ भोग्नुपरिरहेको छ ।

जमिनको विनाशसँगै गाउँघरमा श्रमशक्तिको अभाव अर्को गम्भीर संकट बनेको छ । वैदेशिक रोजगारीको आकर्षण, बसाईँसराइ र कोभिड-१९ को महामारीपछि कृषिबाट बाहिरिने प्रवृत्तिका कारण ग्रामीण क्षेत्र युवाविहीन बन्दै गएका छन् । दुःख र लगानी अनुसारको प्रतिफल नपाइने, बजारमा बिचौलियाको बिगबिगी हुने र समाजले कृषकलाई हेर्ने दृष्टिकोण सम्मानित नहुँदा नयाँ पुस्ता यो पेसाबाट पूर्णतः विमुख भएको छ । पछिल्लो पुस्ता खेती गर्न नै चाहँदैन । परिणाम स्वरूप, मधेशका धान फल्ने खेतदेखि पहाडका बैंसीसम्म आज बाँझो र उजाड देखिन थालेका छन् । अर्को समस्या भनेको मधेशका कतिपय क्षेत्रमा हात्तीको उपद्रोबाट हुने विनास र पहाडी इलाकामा बाँदर, बँदेल, दुम्सीजस्ता बन्यजन्तुको विगविगीसँगै खेतीयोग्य जमिन बाँझो र जंगलमा परिणत हुनु पनि हो ।

नेपालको धान-चामल निर्यात गर्ने ऐतिहासिक पहिचान अब क्रमशः एकादेशको कथा जस्तै बनिसकेको छ । कुनै समय मुलुककै आर्थिक मेरूदण्ड रहेको कृषि क्षेत्र आज नीतिगत उपेक्षा, जनसांखिक परिवर्तन र तीव्र बजारीकरणको चेपुवामा परेर थला परेको छ । वार्षिक झन्डै ४० अर्ब रूपैयाँको खाद्यान्न आयात गर्नुपर्ने सरकारी कृषि तथ्यांकले हाम्रो परनिर्भरताको डरलाग्दो ऐना देखाउँछ । अझ विडम्बना त के छ भने, तराईका उर्वर भूमिबाट उत्पादित धान अनौपचारिक माध्यमबाट सीमापारि पुग्ने र त्यही धान ब्राण्डिङ चामल बनेर पुनः नेपाली भान्सामा महँगो मूल्यमा भित्रिने चक्र चलिरहेको छ । यो संकट खाद्यान्नको मात्र होइन, बरू नेपाली समाजमा कृषि पेसाप्रति पैदा भएको गहिरो वितृष्णा र राज्यको फितलो योजनाको उपज पनि हो भन्न सकिन्छ ।

यस संकटमा प्रकृति र जलस्रोतको व्यवस्थापन नमिल्नु अर्को विडम्बना हो । जलवायु परिवर्तनका कारण मनसुनी वर्षाको चक्र पूर्णतः बिग्रिएको छ । वैशाख र जेठमा दिनहुँ पानी पर्ने तर मुख्य रोपाइँ हुने असारको मध्यमा खडेरी पर्ने अनियमित मौसमले किसानलाई थप निरूत्साहित बनाएको छ । नेपालका नदीनालाहरूबाट अथाह पानी निरन्तर सीमाबाहिर बगिरहँदा देशभित्रका खेतहरू भने सिँचाइ अभावमा सुक्खा हुनु राज्यको चरम कमजोरी हो । गत वर्ष मात्रै तराइमा साउनभर परेको खडेरीले रोपाइँ हुन नसक्दा हजारौँ हेक्टर जमिन बाँझो रहन पुग्यो । यद्यपि, क्षेत्रफल घट्दाघट्दै पनि बाँकी ४ पेजमा ▸▸

### इटहरीको यातायात कार्यालय अस्तव्यस्त

# सर्वर नखुल्दा सेवाग्राही अलपत्र



खगेन्द्र कार्की

इटहरी । सरकारी कार्यालयमा सेवा लिन पुगेका नागरिकले सेवा पाउने कि सास्ती ? मंगलबार इटहरीस्थित यातायात व्यवस्था कार्यालयको दृश्यले यही प्रश्न उठायो । कार्यालयको मूल गेटदेखि नै हिलो, अव्यवस्थित पार्किङ, लेखापढी व्यवसायीका भरिभराउ कोठा, टोकनका लागि लामो लाइन र सेवाबारे जानकारी दिने कुनै आधिकारिक व्यक्ति नहुँदा सयौं सेवाग्राही अन्योल र आक्रोशबीच दिनभर अलपत्र परेका देखिए । सोमबार र मंगलबार उक्त कार्यालयमा सेवाग्राहीका दिनचर्या यसरी नै बित्यो ।

बिहान ९ बजे खुल्ने कार्यालयमा सेवा लिन टाढाटाढाबाट आएका सेवाग्राहीले घण्टौं प्रतीक्षा गरे । तर, अधिकांश कर्मचारीका कुर्सी खाली थिए । करिब १२ बजे मात्रै सूचना टाँसिएपछि सेवाग्राहीले आफूले सेवा नपाउने जानकारी पाए । त्यतिन्जेलसम्म उनीहरू किन सेवा रोकिएको हो, कहिले सञ्चालन हुन्छ ? भन्ने कुनै स्पष्ट जानकारीविनै काम हुने आशमा लाइनबद्ध देखिन्थजे ।

घण्टौको लाइन बसाईपछि दिउँसो १२ बज्न लाग्दा त्यहाँका सुरक्षाकर्मीले सूचना टाँस गरे । कार्यालयले टाँसेको सूचनामा यातायात व्यवस्था विभाग, काठमाडौंमा रहेको सवारी चालक अनुमति पत्र (ईडीएल) को केन्द्रीय सर्भरमा समस्या आएको र मर्मत तथा स्तरोन्नतिको काम भइरहेकाले स्मार्ट कार्ड वितरणबाहेक लिखित परीक्षा, बायोमेट्रिक दर्ता, नवीकरण तथा प्रयोगात्मक परीक्षालगायतका सेवा स्थगित गरिएको उल्लेख थियो । बाँकी ४ पेजमा ▸▸

# बसाइसराइमा कोशी प्रदेश पहिलो




**दमक/** बसाइसराइमा कोशी प्रदेश पहिलो स्थानमा देखिएको छ । कोशी प्रदेशमा आन्तरिक बसाइसराइको दर देशभरमै उच्च देखिएको हो । कृषि उत्पादनबाट मात्रै जीवन धान्न मुस्किल हुनु र स्थानीय स्तरमा रोजगारीका पर्याप्त अवसर नजुट्दा पहाडी क्षेत्रबाट मधेशतर्फ बसाइ सर्ने क्रम तीव्र बनेको हो । कोशी प्रदेश योजना आयोगले हालै सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनअनुसार प्रदेशका पहाडी र हिमाली जिल्लाहरूबाट हुने बसाइसराइको दर निकै उच्च देखिएको छ ।

योजना आयोगका तर्फबाट अध्ययन प्रतिवेदन प्रस्तुत गर्दै अनुसन्धानकर्ता चेतन धमलाले कोशी प्रदेशमा अन्य ६ प्रदेशको तुलनामा सबैभन्दा बढी ऋणात्मक बसाइसराइ रहेको जानकारी दिए । अध्ययनका क्रममा पहाड छोड्नुको मुख्य कारणमध्ये ३१.९ प्रतिशतले रोजगारीको अभाव र २१ प्रतिशतले कृषि आम्दानीमा आएको ह्रासलाई मुख्य कारण मानेका छन् । बाँकी ४ पेजमा ▸▸

# कोशीमा ३ सय ३१ मानव अधिकार उल्लंघनका घटना

**दमक/** कोशी प्रदेशमा सन् २०२६ को पहिलो ६ महिनामै मानव अधिकार उल्लंघनका ३ सय ३१ घटना सार्वजनिक भएका छन् । मानव अधिकार एलाइन्सको २७औँ स्थापना दिवसका अवसरमा धनकुटामा आयोजित 'कोशी प्रदेशमा मानव अधिकारको अवस्था' विषयक कार्यक्रममा इन्सेक कोशी प्रदेशका प्रमुख मनोहर पोखरेलले गत पुस १६ देखि असार १६ सम्मको तथ्यांक प्रस्तुत गर्दै उक्त जानकारी दिएका हुन् ।

प्रस्तुत तथ्यांकअनुसार ३३१ घटनामध्ये नागरिक अधिकारसँग सम्बन्धित १५९, बाल अधिकारसँग सम्बन्धित १११ र महिला अधिकारसँग सम्बन्धित ६१ घटना रहेका छन् ।

कार्यक्रममा देशभरका कारागारको अवस्था पनि सार्वजनिक गरिएको थियो । हाल देशभरका कारागारको क्षमता १६ हजार ९५६ जनाको भए पनि २५ हजार ९२ जना कैदीबन्दी रहेका छन् । त्यस्तै, देशभरका कारागारबाट ३ हजार ८०३ जना कैदीबन्दी फरार रहेको तथ्यांक पनि इन्सेकले सार्वजनिक गरेको छ । इन्सेकका अनुसार सन् २०२५ मा कोशी प्रदेशमा मानव अधिकार उल्लंघनका घटनाबाट १ हजार ४८९ जना पीडित भएका थिए ।

# दुर्घटनामा दुई कर्मचारीको मृत्यु

**इटहरी /** सुनसरीको इटहरीमा नेपाल विद्युत् प्राधिकरणको स्कर्पियो गाडी दुर्घटना हुँदा दुई कर्मचारीको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । दुर्घटनामा चालक धरान उपमहानगरपालिका-१३ का अन्दाजी ३३ वर्षीय बिर्खबहादुर राई र धरान-१६ का अन्दाजी ४९ वर्षीय सुमन आचार्यको मृत्यु भएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ ।

प्रहरीका अनुसार सोमबार राति दुहबी-धरान ३३ केभी प्रसारण लाइनमा देखिएको समस्या मर्मत गर्न जाने क्रममा प्राधिकरणको बा १ ज १६५१ नम्बरको स्कर्पियो कोशी राजमार्ग अन्तर्गत इटहरी बाँकी ४ पेजमा ▸▸

# घातक रोगविरुद्ध नि:शुल्क खोप प्रदान

**मोरङ /** कोशी प्रदेश सरकारले विभिन्न १४ प्रकारका घातक रोग विरुद्ध निशुल्क खोप प्रदान गर्दै आएको छ ।

स्थानीय सरकारले तोकेका निश्चित स्थानबाट टिबी (क्षयरोग), भ्यागुते, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाइटिस बी, होमोफिलस इन्फ्लुएन्जा टाइप 'बी', पोलियो, दादुरा, रुबेला, जापानी इन्सेफ्लाइटिस, निमोनिया, रोटा भाइरस, टाइफाइड र पाठेघरको मुखको क्यान्सरविरुद्धका खोप नि:शुल्क उपलब्ध गराउँदै आएको हो । स्थानीय क्षेत्रमा छुट भएका १५ महिना उमेर समूहका १४ जिल्लामा पर्ने स्थानीय निकायका तीन हजार ७१२ जनालाई पूर्ण खोप प्रदान गरिने छ ।

# 'ट्राफिक जरिवाना तिर्न नसक्नेलाई श्रमदान'

**दमक/** पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक नियम कडा बनाउनुको विकल्प नभएको बताएका छन् । प्रतिनिधि सभाको मंगलबारको बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री लम्सालले तीव्र गति र लापरबाहीका कारण दुर्घटना बढिरहेको भन्दै नियमनमा कडाइ गर्नुपर्ने बताएका हुन् ।

पछिल्लो पाँच वर्षमा सडक दुर्घटनाबाट १२ हजारभन्दा बढी नागरिकले ज्यान गुमाएको तथ्यांक प्रस्तुत गर्दै उनले गल्तीको प्रकृति, तिव्रता र पुनरावृत्तिका आधारमा ५ सयदेखि ५० हजार रूपैयाँसम्मको सीमा निर्धारण बाँकी ४ पेजमा ▸▸

# चिनी मिलका दुई सञ्चालक पक्राउ

**दमक/** सर्लाहीको धनकौलमा सञ्चालनमा रहेको अन्नपूर्ण चिनी मिलका मालिक शैलेन्द्र गुप्ता र विनोद साह कलवार पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीले किसानको उजुरीका आधारमा गत बिहीबार दुवै जनालाई नियन्त्रणमा लिएको हो । उखु किसानहरूले मिलले लामो समयदेखि आफूहरूको भुक्तानी नदिएको भन्दै प्रहरीमा उजुरी दिएका थिए ।

सर्लाही प्रहरीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमका अनुसार दुवै जनालाई ठगीसम्बन्धी आरोपमा पक्राउ गरिएको हो । 'किसानहरूको उखुको करोडौं रुपैयाँ भुक्तानी लामो समयदेखि बाँकी रहेको र त्यसबाट हजारौं किसान प्रभावित भएको भन्ने उजुरीका आधारमा अनुसन्धानका लागि पक्राउ गरिएको हो,' प्रहरीले जनाएको छ । बाँकी ४ पेजमा ▸▸


**मालपोत, एकीकृत सम्पत्तीकर, व्यवसाय कर र बहालकर बुझाउने बारे दमक नगरपालिकाको सूचना**

यस नगरपालिका लाई चालू आ.ब. २०८२।०८३ को असार मसान्त भित्र बुझाउनु पर्ने मालपोत, एकीकृत सम्पत्तीकर, व्यवसाय कर र बहालकर लगायतका करहरु समयमा नै सम्बन्धित वडा कार्यालय तथा यस कार्यालयमा बुझाई जरिवाना तिर्न बाट जोगिनु हुन सम्बन्धित सवै करदाता महानुभावहरुमा दमक नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**दमक नगरपालिका**

राजस्व प्रशासन शाखा

# सम्पादकीय

## कोशीमा पर्यटन प्रवर्द्धन आवश्यक

नेपालको पूर्वी प्रवेशद्वारका रुपमा रहेको कोशी प्रदेश अथाह प्राकृतिक, सांस्कृतिक र भौगोलिक विविधताले सुसज्जित छ । विश्वको सर्वोच्च शिखर सगरमाथादेखि कञ्चनजंघा सम्मका हिमश्रृंखला, इलामका मनमोहक चिया बगान, भेडेटारको चिसो मौसम, अनि जैविक विविधताले भरिपूर्ण तराईका सिमसार क्षेत्रहरु यस प्रदेशका अद्धितीय सम्पदा हुन् । यति प्रचुर सम्भावना हुँदाहुँदै पनि कोशी प्रदेशले आफ्नो पर्यटन क्षमताको समुचित लाभ लिन सकेको छैन । यसै पृष्ठभूमिमा, प्रदेश सरकारले नीति तथा कार्यक्रममार्फत पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा राख्नु अत्यन्त सकारात्मक र दूरगामी महत्वको कदम हो ।

पर्यटन केवल मनोरञ्जन वा हिँडडुलमा मात्र सीमित विषय होइन, यो त स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउने, रोजगारी सिर्जना गर्ने र उद्यमशीलता प्रवर्द्धन गर्ने दिगो माध्यम हो । पाथीभरा, वराहक्षेत्र र हलेसी जस्ता प्रसिद्ध धार्मिक स्थलहरुदेखि र्‍याफ्टिङ र पर्वतारोहण जस्ता साहसिक गतिविधिका लागि कोशी प्रदेश उत्कृष्ट गन्तव्य हो । अझ, छिमेकी मुलुक भारतका विहार र पश्चिम बंगाल जस्ता ठूला जनसंख्या भएका प्रान्तहरुसँगको भौगोलिक निकटताले यस प्रदेशका लागि बाह्य पर्यटक भित्र्याउने सुनौलो अवसर प्रदान गर्दछ ।

यद्यपि, नीतिगत प्राथमिकतालाई व्यवहारमा उतार्न पूर्वाधारको विकास पहिलो र अनिवार्य सर्त हो । पहाडी तथा हिमाली भेगका सडक सञ्जालको स्तरोन्नति, विराटनगर र भ्रद्रपुर विमानस्थलको क्षमता विस्तार, तथा पर्यटकीय गन्तव्यहरुमा आधारभूत सुविधा र सुरक्षित यात्राको प्रत्याभूति नभएसम्म पर्यटन प्रवर्द्धनका योजनाहरु सफल हुन सक्दैनन् ।

अर्कोतर्फ, यस क्षेत्रको विकासका लागि छरिएर रहेका गन्तव्यहरुलाई एकीकृत गरी 'टुरिजम सर्किट' का रुपमा ब्रान्डिङ गर्नु आवश्यक देखिन्छ । पर्यटकहरुलाई हिमाल, पहाड र तराईको विविधतायुक्त स्वाद एकै भ्रमणमा दिलाउन सक्ने रणनीति अख्तियार गरिनुपर्छ । यस प्रक्रियामा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नु उत्तिकै अपरिहार्य छ । पर्यटनको लाभ गाउँ-गाउँसम्म पुर्‍याउन सामुदायिक घरबास (होमस्टे) लाई प्रोत्साहन गर्न सक्नुपर्छ । कोशी प्रदेशमा पर्यटनलाई प्राथमिकता दिने नीति आफैँमा प्रसंशनीय भए पनि यसको सफलता चुस्त कार्यान्वयनमा भर पर्छ । केवल सरकारी बजेटको विनियोजनले मात्र यो लक्ष्य हासिल हुन सक्दैन, यसका लागि निजी क्षेत्रसँगको बलियो साझेदारी, स्पष्ट कार्ययोजना र दृढ राजनीतिक इच्छाशक्ति आवश्यक छ । कागजमा कोरिएका प्रतिबद्धताहरुलाई व्यवहारमा उतार्दै कोशी प्रदेशलाई मुलुककै उदाहरणीय पर्यटकीय हब बनाउन सबै सरोकारवाला निकाय जिम्मेवार र क्रियाशील बन्नु आजको आवश्यकता हो ।

# कांग्रेसको पुरानो पुस्ता र नवीन युग



रश्मिशेखर सुवेदी

नेपाली कांग्रेसका पुराना पुस्तासामु आज एउटा ऐतिहासिक अवसर छ । उनीहरूले आफ्नो राजनीतिक जीवनको सबैभन्दा ठूलो योगदान अब अर्को आन्दोलन गरेर होइन, नयाँ पुस्तालाई विश्वास गरेर दिन सक्छन् । उनीहरूले आफ्ना अनुभव, मूल्य र संघर्षको विरासत नयाँ नेतृत्वलाई हस्तान्तरण गर्न सके भने त्यो नै उनीहरूको सबैभन्दा ठूलो ऐतिहासिक उपलब्धि हुनेछ।

नेपाली कांग्रेस नेपालको लोकतान्त्रिक आन्दोलनको सबैभन्दा गौरवशाली राजनीतिक संस्था हो । राणाशाही विरूद्धको संघर्षदेखि पञ्चायती व्यवस्थाको अन्त्य, २०४६ सालको जनआन्दोलनदेखि २०६२/६३ को ऐतिहासिक परिवर्तनसम्म काङ्ग्रेसले खेलेको भूमिका नेपाली इतिहासको अभिन्न अध्याय हो । यो योगदानलाई न त कसैले मेट्न सक्छ, न त अस्वीकार गर्न नै सक्छ ।

तर, राजनीति इतिहासको संग्रहालय मात्र होइन । यो निरन्तर परिवर्तन, आत्मसमीक्षा र नयाँ नेतृत्व निर्माणको प्रक्रिया पनि हो । कुनै पनि दलको शक्ति उसले विगतमा के गर्‍यो भन्नेमा मात्र होइन, वर्तमानमा कस्तो नेतृत्व दिन सक्छ र भविष्यका लागि कति तयार छ भन्नेमा पनि मापन हुन्छ ।

आज यही प्रश्न नेपाली कांग्रेसको सामु सबैभन्दा ठूलो चुनौती बनेर उभिएको छ । प्रश्न सरल छ, तर गम्भीर छ- नेपाली कांग्रेसका पुराना पुस्ताले वास्तवमा के खोजिरहेका छन् ?

के उनीहरु लोकतान्त्रिक समाजवादको विचारलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न चाहन्छन् ? के उनीहरु पार्टीलाई समयअनुकूल रूपान्तरण गर्न चाहन्छन् ? वा नेतृत्व, निर्णय र प्रभावलाई आˆनै पुस्ताको वरिपरि केन्द्रित राख्न चाहन्छन् ? यी प्रश्नहरु विरोधीले उठाएका होइनन्, काङ्ग्रेसलाई माया गर्ने कार्यकर्ता, शुभेच्छुक र परिवर्तन चाहने नागरिकका हुन् ।

नेपाल बदलिएको छ । मतदाता बदलिएका छन् । देशको आधाभन्दा बढी जनसंख्या युवा पुस्ताको छ । सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता, डिजिटल अर्थतन्त्र, उद्यमशीलता, जलवायु परिवर्तन, विश्वव्यापी प्रतिस्पर्धा र सुशासनका प्रश्नहरूले राजनीतिलाई नयाँ दिशामा धकेलेका छन् । आजका मतदाताले आन्दोलनको इतिहासभन्दा शासनको परिणामलाई बढी महत्व दिन्छन् । उनीहरु भाषण होइन, कार्यसम्पादन हेर्छन्; वाचा होइन, विश्वसनीयता खोज्छन् ।

यस्तो समयमा पनि यदि पार्टीको नेतृत्व पुरानै सोच, पुरानै शैली र पुरानै संरचनामा सीमित रहन्छ भने पार्टी र समाजबीचको दूरी बढ्दै जान्छ ।

नेपाली काङ्ग्रेसको सबैभन्दा ठूलो संकट बाह्य प्रतिस्पर्धी होइन । वास्तविक संकट समयअनुकूल रूपान्तरण हुन नसक्ने राजनीतिक संस्कृति हो । नयाँ पुस्तालाई अवसर दिनुभन्दा अवसरको प्रतीक्षा गराउने संस्कृतिले संगठनलाई कमजोर बनाउँछ । नेतृत्वमा विश्वासको सट्टा नियन्त्रणको मनोविज्ञान विकसित हुन्छ । त्यसको असर कार्यकर्ताको मनोबलदेखि जनविश्वाससम्म देखिन थाल्छ ।

अनुभव कुनै पनि संस्थाको अमूल्य सम्पत्ति हो । तर अनुभव परिवर्तनको मार्गदर्शक बन्नुपर्छ, परिवर्तनको अवरोध होइन । लोकतन्त्रमा नेतृत्वको सबैभन्दा ठूलो परीक्षा पदमा टिकिरहनु होइन, आफूभन्दा सक्षम उत्तराधिकारी तयार गर्नु हो । पछिल्ला वर्षहरूमा नेपाली राजनीतिमा नयाँ राजनीतिक शक्तिहरूको उदय संयोग मात्र होइन । त्यसले नागरिकको बदलिएको मनोविज्ञानलाई संकेत गर्छ । जनताले नयाँ अनुहार मात्र खोजेका होइनन्; नयाँ राजनीतिक संस्कार, उत्तरदायित्व र परिणाममुखी नेतृत्व खोजेका हुन् । यसलाई केवल नयाँ दलहरूको सफलताका रूपमा होइन, पुराना दलहरूका लागि चेतावनीका रूपमा पनि बुझ्नुपर्छ । यही कारणले आज नेपाली काङ्ग्रेसले आफ्ना प्रतिस्पर्धी दलसँगभन्दा बढी आफ्नै कार्यशैलीसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएको छ ।

बीपी कोइरालाले लोकतान्त्रिक समाजवादलाई स्थिर सिद्धान्त होइन, समाजको आवश्यकताअनुसार विकसित हुने राजनीतिक दर्शनका रूपमा बुझ्नुभएको थियो । काङ्ग्रेसले बीपीको विचारलाई सम्मान गर्ने हो भने उहाँको तस्बिरमा माल्यार्पण गरेर मात्र पुग्दैन; पार्टीभित्र खुला बहस, स्वस्थ प्रतिस्पर्धा, संस्थागत निर्णय र पुस्तान्तरणको संस्कृतिलाई स्थापित गरेर मात्र त्यो सम्भव छ ।

आज काङ्ग्रेसभित्र सक्षम, शिक्षित, ऊर्जावान र राष्ट्रिय दृष्टि भएका युवा नेताहरु छन् । उनीहरूलाई अवसर दिनु कसैप्रति दया होइन; पार्टीको भविष्यप्रतिको लगानी हो । लोकतन्त्रमा नेतृत्व उमेरका आधारमा होइन, क्षमता, दृष्टि, जनविश्वास र कार्यसम्पादनका आधारमा मूल्यांकन हुनुपर्छ ।

यसको अर्थ पुरानो पुस्ताको योगदान समाप्त भयो भन्ने होइन । उनीहरूको भूमिका अझै पनि महत्वपूर्ण छ । तर त्यो भूमिका अब कार्यकारी नेतृत्वभन्दा मार्गदर्शक नेतृत्वको हुनुपर्छ । इतिहास र अनुभवले दिशा देखाउने काम गर्छ; भविष्यको यात्रा भने नयाँ पुस्ताले नै तय गर्छ । विश्वका सफल लोकतान्त्रिक दलहरूले यही अभ्यास गरेका छन् । उनीहरूले संस्थालाई व्यक्तिभन्दा ठूलो माने, नेतृत्वलाई समयमै नवीकरण गरे र अनुभवलाई मार्गदर्शनमा रूपान्तरण गरे । त्यसैले उनीहरु पुस्ता फेरिए पनि बलिया रहे । नेपाली कांग्रेसले पनि अब यही बाटो रोज्नुपर्छ । किनभने, राजनीति कसैको स्थायी सम्पत्ति होइन । कुनै पनि पुस्ता अपरिहार्य हुँदैन । अपरिहार्य हुन्छ केवल विचार, संस्था र लोकतान्त्रिक मूल्य ।

आजको सबैभन्दा ठूलो प्रश्न पुरानो पुस्ताको योगदान होइन; वर्तमानको नेतृत्व शैली हो । यदि पार्टीले समयको मागअनुसार नेतृत्व नवीकरण गर्न सकेन भने जनताले विकल्प रोज्नेछन् । लोकतन्त्रमा मतदाता अन्तिम निर्णायक हुन्छन्, र उनीहरु विगतलाई सम्मान गर्दै भविष्यका लागि नयाँ विकल्प रोज्न हिच्किचाउँदैनन् ।

त्यसैले नेपाली काङ्ग्रेसका पुराना पुस्तासामु आज एउटा ऐतिहासिक अवसर छ । उनीहरूले आफ्नो राजनीतिक जीवनको सबैभन्दा ठूलो योगदान अब अर्को आन्दोलन गरेर होइन, नयाँ पुस्तालाई विश्वास गरेर दिन सक्छन् । उनीहरूले आफ्ना अनुभव, मूल्य र संघर्षको विरासत नयाँ नेतृत्वलाई हस्तान्तरण गर्न सके भने त्यो नै उनीहरूको सबैभन्दा ठूलो ऐतिहासिक उपलब्धि हुनेछ । *(लेखक नेपाली कांग्रेस झापाका सूचना,संचार तथा प्रचार विभाग प्रमुख हुन् ।)*

# वास्तवमा संस्कृति र सकारात्मक संस्कार



डा. नम्रता पाण्डे

सजगता, जागरूकता र सचेततासाथ जिउने कला जान्नु संस्कार हो । संस्कारबाट विकसित जीवन पद्धतिको नाम नै वास्तवमा संस्कृति हो । संस्कार घरपरिवारबाट सिकिने कुरा हो। जीवनको उद्देश्य, जिउनुको आनन्द र समाजमा त्यसले ल्याउने सकारात्मक रूपान्तरण संस्कारमा लुकेको हुन्छ । संस्कृति र मान्यता पछ्याउँदैमा जीवन सुसंस्कृत बन्छ र समाज सभ्य बन्छ भन्न सकिन्न ।

समाजमा हुने हिंसा, हत्या र बलात्कार समाजको संस्कृतिबाट भन्दा पनि व्यक्तिको संस्कारबाट हुने हुन् । हाम्रो समाजमा अझै पनि व्यक्तिको संस्कार कस्तो हुनुपर्छ र कुन माध्यमबाट उसले सुसंस्कृत आचरण सिक्न सक्छ भन्ने शिक्षा दिन सकिएको छैन । सुसंस्कृत शिक्षाको अभाव नै आज समाजमा बढ्दै गएका अराजकताका कारण हुन् ।

मनोविश्लेषकले व्यक्तिमा रहेका समस्या थाहा पाउन सक्ला, तर उसले समाधानको वास्तविक ज्ञान दिन सकेको देखिँदैन । समस्या थाहा पाउनु ठूलो कुरा होइन, समाधानको उपाय महत्वपूर्ण कुरा हो । मनोविश्लेषकले दमित र विक्षिप्त भावना कोट्याएर समस्याको जड पत्ता लगाउने कोसिस त गर्न सक्ला, तर जीवन आनन्दित बनाउने सीप ध्यानले मात्रै दिन सक्छ । ध्यान हाम्रो स्वभाव,



स्वधर्म र संस्कार नबसेसम्म जीवन रूपान्तरण हुनेवाला छैन । समद्धि आउनेवाला छैन ।

मानिसमा विकृत भावना जाग्नुको कारण के हो त ? कारण हो- मानिसले अन्तरहृदयबाटै आफूलाई सकारात्मक बनाउने संस्कार पाएन । आज समाजमा र राष्ट्रमा समस्यै समस्या र अराजकता मात्र बढ्नाको कारण के हो ? कारण हो- सरल र प्राकृतिक जीवनशैली छाडेर भड्किलो र देखासिकी गर्ने संस्कार विकास हुँदै जानु । खुसी र सम्पन्नता देखाउने नाममा भागदौड र प्रतिस्पर्धा बढ्दै जानु। जीवन आफ्ना लागि नभएर अरूलाई देखाउने चिजका रूपमा लिनु । कता, किन दौडिरहेको, जीवनको लक्ष्य/उद्देश्य के हो, गन्तव्य कहाँ छ, थाहा नपाउनु ।

वास्तवमा जीवन बेहोसीमै बिताउनु र होसरूपी संस्कार बिर्सिनाले मानिस अराजकतामा होमिन पुगेको छ । होस गुमाएर, आफ्नो संस्कार र स्वभाव बिर्सेर मानिस कुबाटोमा लागेको छ । त्यसैले आज मानिसले मानिसलाई नै मृत्युदण्डको सजाय माग गर्नुपर्ने अवस्था सिर्जना भएको छ । प्राकृतिक जीवनशैली अपनाउनु संस्कार हो, तर मानिस दिनानुदिन अप्राकृतिक बन्दै गइरहेका छन्। मर्यादा, अनुशासन, नियम, चरित्र, आचरण, शिक्षा सबै अस्वाभाविक र आदर्शका रूपमा मात्र सीमित भएका छन्। स्वाभाविक हुनु, आफ्नो स्वभाव र आचरणमा रमाउनु, प्रेमपूर्ण, सहयोगी, करूणावान् हुनु मानिसका वास्तविक संस्कार हुन्। चेतनशील र विवेकशील प्राणी मानिएको मानिसले आज समाजमा अचेत व्यवहार देखाउन थालेका छन् ।

संस्कारको अर्थ हो- शुद्धीकरण । संस्कारका दुई स्वरूप छन्- आन्तरिक र बाहय । बाहय संस्कारले रीतिरिवाज र मान्यतालाई मात्र पछ्याउँछ भने भित्रैबाट जागृत हुनु आन्तरिक संस्कार हो । कर्मद्वारा आत्मा, बुद्धि, मन, शरीर र इन्द्रियलाई उत्तम कोटीमा राख्न सक्नु संस्कार हो । नैतिक मूल्य/मान्यतामा आधारित कर्म गर्नु संस्कारयुक्त व्यक्तिको लक्षण हो । सदाचार, परोपकार, संयमता, आत्मिकता, नैतिकता र इमान्दारिता व्यक्तिका सर्वोच्च संस्कार हुन् । कस्तो संस्कार अंगाल्ने व्यक्तिको रोजाइ हो, तर अब पनि जागृत र सचेत हुन सकिएन भने यो सुन्दर मानव जीवन व्यर्थमा बित्ने निश्चित छ ।

# झापामा एक करोड मूल्यको खरबुजाको बिउ बरामद



**दमक**/ झापाको भद्रपुर-३, ज्ञानेचोकस्थित एक घरको गोदामबाट प्रहरीले करिब एक करोड रुपियाँ बराबरको चाइनिज खरबुजाको बिउ बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय झापा र वडा प्रहरी कार्यालय भद्रपुरको संयुक्त टोलीले आइतबार साँझ करिब ५ बजे भीमलाल सुवेदीको घरमा रहेका दुई वटा गोदाममा छापा मारेर ९४८ बोरा (३७ हजार ९२० केजी) बिउ नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार बरामद गरिएको बिउ भद्रपुर भन्सार कार्यालयमा बुझाइएको छ । एउटा बोरामा ४० केजीका दरले प्याक गरिएको उक्त बिउको अनुमानित मूल्य करिब एक करोड रुपियाँ रहेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता रञ्जन अवाका अनुसार छापा मार्नुअघि बिउ धनीसँग टेलिफोनमार्फत कुराकानी भएको थियो। तेस्रो मुलुकबाट कानुनी प्रक्रिया पूरा गरी बिउ आयात गरिएको र बिलबिजक रहेको जानकारी दिए पनि आवश्यक प्रमाणसहित उपस्थित नभएपछि गोदाममा छापा मारिएको प्रहरीले जनाएको छ ।

प्रहरी स्रोतका अनुसार करिब पाँच घण्टासम्म गोदाममा अनुसन्धान गर्दा सम्बन्धित व्यक्ति आवश्यक कागजातसहित उपस्थित नभएपछि बिउ नियन्त्रणमा लिइएको हो । झापामा यो परिमाणको बिउ प्रयोग हुने अवस्था नरहेको भन्दै बिउ कहाँबाट र कसरी आयात भयो भन्ने विषयमा अनुसन्धान सुरु गरिने प्रहरीले जनाएको छ ।

अत्याधुनिक प्रविधिद्धारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
**भगवान बस्नेत** : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

## वर्षासँगै तमोर नदीमा अकस्मात बाढी

# जल्दै गरेको चिता बगाउँदा मलामीलाई कठिन



**धनकुटा /** धनकुटाको प्रमुख दाहसंस्कार स्थल मुलघाटमा सोमबार आएको आकस्मिक बाढीले नदी किनारमा जल्दै गरेको चिता बगाएको छ । वर्षासँगै तमोर नदीमा पानीको सतह अचानक बढ्दा शव जलाइरहेकै अवस्थामा चिता बगाएपछि केही समय दाहसंस्कार कार्य नै प्रभावित भएको थियो ।

धनकुटा नगरपालिका-६ आत्माराका गौरी रोक्काको दाहसंस्कार भइरहेका बेला नदीको बहाव ह्वात्तै बढेको थियो । प्रत्यक्षदर्शी एवं त्रिवेणी माध्यमिक विद्यालयका प्रधानाध्यापक दीपक पोखे्रलका अनुसार सो समयमा मुलघाटमा चारवटा शवको दाहसंस्कार भइरहेको थियो । तीमध्ये ७५ प्रतिशत जलिसकेको रोक्काको चिता बाढीले बगाएर नदीको बीच भागमा पुऱ्याएको थियो ।

'नदीको बहाव सामान्य देखिएकै अवस्थामा चिता जलाइएको थियो, तर केही समयमै माथिबाट ठूलो पानी आएपछि सतह ह्वात्तै बढ्यो,' पोखे्रलले भने, 'हेर्दाहेर्दै जल्दै गरेको चिता बगेर नदीको बीच भागमा पुग्यो ।' बाढीले अर्को एउटा चितालाई पनि पल्टाएको थियो ।

त्यसपछि मलामीहरूले तत्काल शवलाई सुरक्षित स्थानमा सारेर नदीभन्दा माथिल्लो भागमा नयाँ चिता बनाई दाहसंस्कार सम्पन्न गरेका थिए । मुलघाट धनकुटाको मुख्य मसानघाट भए पनि वर्षायाममा यहाँ सधैं जोखिम हुने गरेको छ ।

यहाँ निर्माण गरिएको डिजेलबाट चल्ने आधुनिक दाहसंस्कार घर केही वर्षअघिको बाढीले क्षतिग्रस्त बनाएपछि सञ्चालनमा छैन । जसका कारण स्थानीय बासिन्दा जोखिम मोलेरै नदी किनारमा दाहसंस्कार गर्न बाध्य छन् । सुरक्षित दाहसंस्कारका लागि स्थायी संरचना निर्माण गर्नुपर्ने माग स्थानीयले वर्षौंदेखि उठाउँदै आएका छन् । यद्यपि, हालसम्म प्रभावकारी व्यवस्थापन हुन सकेको छैन । सशस्त्र प्रहरी बलको टोलीले सो क्षेत्रमा सुरक्षा र उद्धारका लागि बेस क्याम्प खडा गरे पनि भौगोलिक विकटता र नदीको अनियन्त्रित बहावका कारण बर्सेनि यस्ता जोखिमपूर्ण घटना हुने गरेका छन् ।

## रोचक



# केक काटेर कुकुरको जन्मदिन

**कमल/** सामान्यत: मानिसले आफ्नो जन्मदिन मनाउने चलन छ । तर झापाको कमल गाउँपालिका-५, मंगलबारेमा भने घरपालुवा कुकुरको जन्मदिन नै भव्य रूपमा मनाइएको छ । स्थानीय सञ्चरानी लिम्बुले पालेको 'रियु' नामक घरपालुवा कुकुरको जन्मदिन आइतबार साँझ परिवार तथा आफन्तको उपस्थितिमा केक काटेर, सजावट सहित शुभकामना आदानप्रदान गर्दै मनाइएको हो ।

कार्यक्रममा रियुलाई विशेष पोसाक लगाइदिएको थियो भने जन्मदिनको अवसरमा केक काट्ने, तस्बिर खिच्ने तथा खुसी साटासाट गर्ने कार्यक्रम गरिएको सहभागीहरूले बताएका छन् ।

पछिल्ला वर्षहरूमा नेपालका शहरी तथा अर्धशहरी क्षेत्रमा घरपालुवा जनावरलाई परिवारको सदस्यसरह माया गर्ने र उनीहरूको जन्मदिन मनाउने प्रवृत्ति विस्तार हुँदै गएको देखिन्छ । पशुप्रेमीहरूका अनुसार यस्ता कार्यक्रमले घरपालुवा जनावरप्रतिको माया, जिम्मेवारी र संरक्षणको भावना झल्काउँछ । अर्कोतर्फ, केहीले यसलाई आधुनिक जीवनशैलीको प्रभाव र नयाँ सांस्कृतिक अभ्यासका रूपमा पनि हेर्ने गरेका छन् ।

कमल-५ मा रियुको जन्मदिन मनाइएको घटनाले स्थानीय स्तरमै चासो र चर्चा पाएको छ । मानिसको मात्र होइन, घरपालुवा जनावरप्रतिको आत्मीयता पनि उत्सवका रूपमा अभिव्यक्त हुन थालेको यो घटना बदलिँदो सामाजिक सोच र पशुप्रेमको एउटा रोचक उदाहरण बनेको पशुप्रेमी कुमार ढकाल बताउँछन् ।

## विश्वकप विशेष

# अन्तिम चार टोलीमा कोभन्दा को कम ?



**दमक/** फिफा विश्वकप फुटबल २०२६ को मैदानबाट ४४ वटा टोली घर फर्किसकेका छन् । अब बाँकी चार टोली– फ्रान्स, अर्जेन्टिना, स्पेन र इङ्गल्याण्ड छन् । अब यी टोलीमा लगातार जसले दुई जित निकाल्छ, त्यही च्याम्पियन बन्नेछ । यो पटक रोचक संयोग पनि परेको छ । फिफा वरीयताका शीर्ष चार टोली नै विश्वकपको सेमिफाइनलमा छन् । यी सबै टोलीले विगतमा पनि विश्वकपको ट्रफी उचाली सकेका छन् । त्यहीकारण सबै टोली उपाधिका बलिया दाबेदार पनि हुन् । फिफा वरीयताको शीर्ष स्थानमा रहेको फ्रान्सले तेस्रो स्थानको स्पेनसँग खेल्दैछ भने दोस्रो स्थानमा रहेको अर्जेन्टिना चौथो स्थानमा रहेको इङ्गल्याण्डसँग भिड्दैछ । यी दुई सेमिफाइनमा हार्ने टिम उपाधि होडबाट बाहिरिनेछ । तेस्रो र चौथो स्थानका लागि पराजित दुई टोली आमनेसामने हुनेछन् । यी दुईको खेलको विजेता–विजेता उपाधिका लागि भिड्ने छन् । 'कस्ले जित्ला ?' यही जवाफ थाहा पाउन विश्वकपका दर्शक तीव्र प्रतीक्षामा छन् ।

**अर्जेन्टिना**

साविक विजेता टोली लियोनल मेसीको भरमा खेलिरहेको छ । यो टोलीले फिफा वरीयतामा १५ स्थानभन्दा तल रहेका कमजोर टोलीसँग मात्रै सामना गरेको छ । सेमिफाइनलमा भने यो टोलीले हालसम्मकै बलियो टोली इङ्गल्याण्डको सामना गर्दैछ । केप भर्डे र इजिप्टजस्ता कमजोर मानिएका टोलीसँग पनि अर्जेन्टिनाले सहज जित निकाल्न सकेन । तर, नाटकीय जित निकाल्न वा खेलको अन्तिममा गोल गर्ने कन्फिडेन्स यो टोलीमा छ ।

मेसीले उच्च लय देखाए र रक्षापङ्क्तिसँगको तालमेल मिले इङ्गल्याण्डविरूद्ध अगाडि बढ्न सक्छ । मेस्सी नचलेको अवस्थामा यो टिमलाई गाह्रो छ । तर, अर्जेन्टिनाले अहिलेसम्म सेमिफाइनल हारेको रेकर्ड भने छैन ।

**स्पेन** : जारी विश्वकपका विगतका खेल हेर्दा स्पेन सबैभन्दा शक्तिशाली रक्षा पङ्क्ति भएको टोली हो । स्पेनले मजबुत र संगठित डिफेन्स प्रस्तुत गर्दै आएको छ । यो टोलीले बल नियन्त्रण राख्ने खुबी पनि देखाएको छ । यो टोलीको एट्याकिङ भने कमजोर मानिन्छ । गोल गर्ने अवसर धेरै बनाए पनि स्पेनको फिनिसिङमा समस्या देखिन्छ । तथापि, लामिन यामाल, निको विलियम्स र मिकेल ओयारजाबाललाई र ोक्न विपक्षी डिफेन्डरलाई सहज छैन । फ्रान्सजस्तो तीव्र काउन्टर–अट्याक गर्ने टोलीसँग स्पेनको डिफेन्सले काम गर्ला ? यसको जवाफ पाउन खेलको अन्तिम मिनेटसम्म कुर्नैपर्छ ।

**इङ्ल्याण्ड**

सेमिफाइनलमा साबिक विजेता अर्जेन्टिना जस्तो हेभिवेट टोलीसँग भिड्न पर्ने अवस्था आउनु नै यो टोलीको ब्याडलक हो । सुखद कुरा अर्जेन्टिना पनि डरलाग्दो फर्ममा छैन । स्टार खेलाडीहरूसँगको समाना गर्दा यो टोली नर्भस हुन सक्छ । तथापि, यो टोलीसँग हयारि केन जस्ता अनुभवी फिनिसर छन् । जुड बेलिङ्गमले मिडफिल्डबाट खेल नियन्त्रण राख्दै निर्णायक गोल गर्ने क्षमता राख्छन् । डिफेन्समा पनि टोली कमजोर छैन र तथापि, अर्जेन्टिनाका लागि इङ्गल्याण्ड सहज टोली होइन ।

**फ्रान्स** : फ्रान्सलाई यो पटक विश्वकपको सबैभन्दा बलियो दाबेदारका रूपमा नै हेरिएको छ । फ्रान्सले सबै खेल आफ्नो नियन्त्रणमा राख्दै सहज जित निकालेको छ । अट्याकमा किलियन एम्बाप्पे, माइकल ओलिसे, उस्मान डेम्बेले, डिजिरे डुए र ब्राड्ली बारकोलाजस्ता खेलाडी छन् । काउन्टर एट्याक पनि टोलीको राम्रो छ । तीव्र गतिको खेल यो टोलीको विशेषता हो । डिफेन्समा पनि टोली लयमै छ । विश्लेषकहरूले यही टोलीलाई विजेता हुने अनुमानमा छन् ।




**दमक/** आँखा मुनिको कालो धब्बा सामान्य कुरा हो । त्यसैले धेरैजसो मानिसहरू यसलाई निद्राको कमी, तनाव वा बुढ्यौलीको कारण देखिएको असर ठान्दछन् । तर के तपाईंले कहिल्यै सोच्नुभएको छ ? डार्क सर्कलले शरीरभित्रका स्वास्थ्य समस्याको संकेत हुन सक्छ भनेर । धेरै मानिसहरू डार्क सर्कलको मुटुको स्वास्थ्यसँग कुनै सम्बन्ध छैन भन्ने सोच्छन् ।

सामान्यतया, डार्क सर्कललाई मुटु रोगको प्रत्यक्ष लक्षण मानिँदैन । निद्राको कमी, एलर्जी, तनाव, निर्जलीकरण, बुढ्यौली, वा छाला पातलो हुनु पनि यसको लागि जिम्मेवार हुन सक्छ । यद्यपि, यदि डार्क सर्कलको साथसाथै सास फेर्न गाह्रो हुने, लगातार थकान, खुट्टा सुन्निने, छाती दुख्ने, वा धड्कन बढ्ने जस्ता समस्याहरूसँग सम्बन्धित छन भने, यो गम्भीर हुन सक्छ ।

**आँखामा डार्क सर्कल हटाउन के गर्ने ?**

- एउटा काँचो आलु लिनुहोस् र त्यसको जुस बनाउनुहोस् । उक्त रसलाई कपासको सहयोगले आँखामुनिको कालो घेरा अर्थात् डार्क सर्कल क्षेत्रमा लगाउनुहोस् । १०–१५ मिनेटसम्म मज्जाले सुक्न दिनुहोस् र मनतातो पानीले मुख धुनुहोस् । दिनमा दुइपटक यस्तो गर्नाले १० दिनमै तपाइँको डार्क सर्कल कम हुन्छ ।
- एक चम्चा कागतीको रस र एक चम्चा गोलभेँडाको रस मिलाएर कालो घेरामा लगाउनुहोस् र १० मिनेटपछि धुनुहोस् । लगातार केही दिनसम्म दिनहुँ यहीं प्रक्रिया दोहोराउनुहोस् ।
- दिनमा दुइपटक १ चम्चा कागतीको रस डार्क सर्कलमा मज्जाले लगाउने र १० मिनेटपछि धुने ।
- दुइवटा टि ब्यागलाई आधा घण्टा फ्रिजमा राख्नुहोस् र चिस्याउनुहोस् । त्यसपछि निकालेर ती टिब्यागलाई डार्क सर्कलमा १० मिनेटसम्म राख्नुहोस् । त्यसपछि पानीले अनुहार धुनुहोस् ।
- आँखाको तल डार्क सर्कल भएको ठाउँमा नरिवलको तेलले मज्जाले मालिस गर्नुहोस् । ५ मिनेटपछि अनुहार धुनुहोस् । दिनमा ३ पटक यसो गर्नाले १० दिनमा तपाइँको डार्क सर्कल कम हुनेछ ।

## मनोरञ्जन

# 'फेस अफ नेपाल'को तेस्रो संस्करण हुँदै



**दमक/** एमएस प्रोडक्सन प्रालिले 'फेस अफ नेपाल'को तेस्रो संस्करण सुरु गर्दैछ । त्यसका लागि आगामी साउन २ र ३ गते (जुलाई १८ र १८)मा अडिसन हुनेछ ।

अडिसनमा सहभागिताका लागि यसअघि नै आवदेन खुला भइसकेको 'फेस अफ नेपाल'की अध्यक्ष तथा अभिनेत्री मेनुका माझीले जानकारी दिइन् । नयाँ पुस्ताका प्रतिभालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याउन सहयोग पुऱ्याउने उद्देश्यले प्रतियोगिता आयोजना गर्दै आएको उनले बताइन् ।

प्रतियोगितामा १७ देखि ३० वर्ष उमेर समूहका नेपाली पुरूष तथा महिलाले आवेदन दिन सक्नेछन् । फेस अफ नेपालको आधिकारिक फेसबुक पेज र एभेन्टोजमार्फत आवदेन दिन सकिने एमएस प्रोडक्सनले जनाएको छ । अडिसनमा पास भएकाहरूलाई ग्रुमिङ, व्यक्तित्व विकास, मोडलिङ र स्टेज प्रस्तुति सम्बन्धी प्रशिक्षण समेत दिइनेछ । प्रतियोगिताको ग्रान्ड फिनाले भदौ २४ मा काठमाडौंमा हुनेछ ।

'फेस अफ नेपाल'की निर्देशक मेनुका माझी अभिनेत्री तथा मोडल समेत हुन् । विशेषगरी भोजपुरी फिल्म उद्योगमा सक्रिय उनी अभिनित पहिलो नेपाली फिल्म 'लज्जावती' आगामी साउन २९ मा रिलिज हुँदैछ । उनले थुप्रै नेपाली तथा भोजपुरी म्युजिक भिडियोमा अभिनय गरेकी छन् । पछिल्लो समय एलिना चौहान र मानियाको स्वरमा रहेको 'चक्मा' गीतमा मेनुकाले गरेको अभिनयले चर्चा पाएको थियो ।

# शेयर बजारमा सामान्य सुधार

**दमक/** लगातार चार कारोबार दिन ओरालो लागेको नेपाली शेयर बजारमा मंगलबार सामान्य सुधार देखिएको छ । साताको दोस्रो कारोबार दिन नेप्से परिसूचक ६.११ अंकले बढेर २,५७६.२९ विन्दुमा बन्द भएको हो । यससँगै सेन्सेटिभ इण्डेक्स ०.७९ अंक, फ्लोट इण्डेक्स ०.३२ अंक र सेन्सेटिभ फ्लोट इण्डेक्स ०.२० अंकले वृद्धि भएको नेपाल स्टक एक्सचेन्ज ( नेप्से) ले जनाएको छ ।

परिसूचकसँगै कारोबार रकम पनि बढेको छ । अघिल्लो कारोबार दिन ७ अर्ब ४६ करोड रुपैयाँको कारोबार भएकोमा मंगलबार ३८३ कम्पनीका १ करोड ८२ लाख ९३ हजार कित्ता शेयर ५३ हजार ८५४ पटक खरिदबिक्री हुँदा कुल ८ अर्ब ४१ करोड ७५ लाख ७० हजार रुपैयाँ बराबरको कारोबार भएको छ । ऋणपत्र (डिबेञ्चर) को उच्च कारोबारले समग्र कारोबार रकम बढाउन महत्वपूर्ण भूमिका खेलेको हो ।

मंगलबार ९ प्रतिशत कामना सेवा विकास बैंक डिबेञ्चर २०८७ को मूल्य सबैभन्दा धेरै १०.२२ प्रतिशतले बढ्यो। त्यस्तै, सांग्रिला डेभलपमेन्ट बैंक डिबेञ्चर २०८७ करिब १० प्रतिशत र उपकार लघुवित्त वित्तीय संस्थाको शेयर ९ प्रतिशतभन्दा बढीले उकालो लाग्यो ।

यता, ७ प्रतिशत नेपाल एसबीआई डिबेञ्चर २०९० को मूल्य भने सबैभन्दा धेरै ९.६८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा शीर्ष १० मध्ये ९ स्थान ऋणपत्रले ओगटे। सबैभन्दा बढी १० प्रतिशत केबीएल डिबेञ्चर २०९० को ५२ करोड ७१ लाख रुपैयाँ बराबरको कारोबार भयो । त्यसपछि १० प्रतिशत एनआईएमबी डिबेञ्चर २०९० को ३९ करोड रुपैयाँभन्दा बढी, ७ प्रतिशत नेपाल एसबीआई बैंक डिबेञ्चरको ३७ करोड ५० लाख रुपैयाँभन्दा बढी तथा एभरेष्ट बैंक लिमिटेड डिबेञ्चरको ३६ करोड रुपैयाँभन्दा बढीको कारोबार भएको छ ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
असार ३१ गते
बुधबार
15 July, 2026
तिथि: प्रतिपदा



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे चो ला लि लँ ले लो अ | सामाजिक कार्यबाट सम्मान र प्रतिष्ठा प्राप्त हुनेछ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | आर्थिक पक्ष सुदृढ रहने, व्यापारमा लाभदायक परिणामहरु देखिनेछन्। |
| मिथुन | का कि कु घ ङ छ के को हा | दाजुभाइ तथा जीवनसाथीको सहयोग प्राप्त हुनेछ। |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पारिवारिक वातावरण मेलमिलापपूर्ण रहनेछ। |
| सिंह | मा मि मु मे मो टा टि टु टे | अध्ययनमा कमजोरी देखिन सक्छ, सावधानी अपनाउनु उचित हुनेछ। |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कार्य सम्पादनमा सहजता, व्यापार तथा आर्थिक क्षेत्रमा सुधार । |
| तुला | रा री रु रे रो ता ती तु ते | मध्यमा केही उतारचढाव आए पनि अन्त्यतिर आम्दानीमा वृद्धि हुनेछ। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | पारिवारिक जीवन र प्रेम सम्बन्ध सन्तुलित रहनेछ। |
| धनु | य यो भा भी भ धा फा ढ भे | दिन केही चुनौतीपूर्ण देखिन्छन्। आफन्तजनबाट सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | बौद्धिक र सिर्जनात्मक क्षमताको कदर हुनेछ। |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | व्यापार विशेषत: कृषि तथा पशुजन्य क्षेत्रमा लाभ मिल्नेछ। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | नोकरीपेशामा सफलता मिल्ने सम्भावना छ। सन्तान पक्षबाट सुख |

# इटहरी उवा संघको अध्यक्षमा महिला नेतृत्व



**इटहरी/** इटहरी उद्योग वाणिज्य संघको निर्वाचनमा स्वतन्त्र उम्मेदवार गायत्री कटुवाल भण्डारी अध्यक्षमा निर्वाचित भएकी छन् । एमाले-कांग्रेस समर्थित संयुक्त उम्मेदवार नवराज कार्कीलेलाई १५ मतले पराजित गर्दै उनले संघको इतिहासमा पहिलो महिला अध्यक्ष बन्ने कीर्तिमान कायम गरेकी हुन् ।

निर्वाचन अधिकृत तथा संघका पूर्वअध्यक्ष टंक दुलालका अनुसार कटुवालले ७५८ मत प्राप्त गरिन् भने उनका निकटतम् प्रतिस्पर्धी कार्कीलेले ७४३ मत पाए । कुल १ हजार ५४२ मत खसेको निर्वाचनमा ४१ मत बदर भएको थियो । अध्यक्ष पदको मतपरिणाम आइतबार राति सार्वजनिक गरिएको हो ।

इटहरीमै जन्मिएर व्यवसायमार्फत स्थापित कटुवालको जितलाई उद्योग वाणिज्य संघको निर्वाचनमा लामो समयदेखि देखिँदै आएको राजनीतिक गठबन्धनको अभ्यासमाथिको चुनौतीका रूपमा हेरिएको छ । उनले स्वतन्त्र उम्मेदवारका रूपमा चुनाव लड्दै प्रमुख राजनीतिक दलको समर्थन प्राप्त उम्मेदवारलाई पराजित गरेकी हुन् । संघको निर्वाचन असार २७ गते इटहरीस्थित ज्योति माध्यमिक विद्यालयमा सम्पन्न भएको थियो । मतगणनापछि अन्तिम नतिजा संघको सभाहलबाट सार्वजनिक गरिएको हो ।

यसैगरी, एसोसिएट सदस्यतर्फ विनोद पौडेल र वस्तुगत सदस्यतर्फ संयोज पराजुली निर्विरोध निर्वाचित भए । महिला सदस्यमा सुमित्रा भट्टराई र मिना ढकाल निर्वाचित भएका छन् । उद्योगतर्फ शिवप्रसाद भट्टराई (भूपाल), अभिषेक बस्नेत, किशनकुमार खेडिया र हरिप्रसाद तिम्सिना निर्वाचित भए । वाणिज्यतर्फ दिनेशप्रसाद धमला, बलबहादुर न्यौपाने, सन्नी चौधरी, संजय साह, सञ्जीव खड्का, जीवनकुमार न्यौपाने, महेश थापा, बलराम बस्नेत र सिनेट रिजाल कार्यसमितिमा निर्वाचित भएका छन् ।

## ४४ जिल्ला बाढीको जोखिममा

**दमक/** मौसम पूर्वानुमान महाशाखाले मुलुकका ४४ जिल्लामा आकस्मिक बाढीको मध्यमदेखि उच्च जोखिम रहेको भन्दै सतर्कता अपनाउन आग्रह गरेको छ । जल तथा मौसम विज्ञान विभागले झापा, मोरङ, सुनसरी, पाँचथर, इलाम, सप्तरी, भोजपुर, सत्तुवासभा, उदयपुरलगायत ३९ जिल्लामा बग्ने साना नदीको प्रवाह बढ्ने र आकस्मिक बाढीको जोखिम रहेको जनाएको छ ।

***सर्वर...*** तर, "प्रणालीमा सुधार भएपछि सेवा पुनः सञ्चालन हुनेछ" भन्ने सामान्य वाक्यबाहेक सेवा कहिले सुचारू हुन्छ भन्ने कुनै समयसीमा दिइएको थिएन । यही अस्पष्टताले सेवाग्राहीको असन्तुष्टि झन बढाएको थियो ।

सेवाग्राहीको आक्रोस यति बढेको थियो कि उनीहरू सरकारप्रति अनेकन आशंका गरिरहेका थिए । धनकुटादेखि आएका सेवाग्राही भन्दैथिए(साउन १ गतेदेखि लागू हुने नयाँ सवारी कर असुल्ने सरकारको प्रपञ्च हो । यद्यपि त्यसको कुनै आधिकारिक पुष्टि भएको छैन । सुरक्षाकर्मीलाई सेवाग्राहीले घेरेर यहाँका कार्यालय प्रमुखलाई उपस्थित गराई दिनु हामी सबै कुरा आधिकारिक रूपमा सोध्छौं ? तर सुरक्षाकर्मी आनेकानी गरिरहेका देखिन्थे । सुरक्षाकर्मी आश्वस्त तुल्याउन भन्दै थिए अब साउन १ गतेदेखि प्रदेशले स्वामित्व लिने कुरा आएको छ त्यसपछि यो समस्या समाधान होला कि ?

समस्या केवल सर्भरको थियो कि सेवा व्यवस्थापनको पनि ? कार्यालय परिसरको दृश्यले दोस्रो प्रश्नलाई बलियो बनाउँछ । सूचना कक्ष प्रभावकारी छैन । सेवाग्राहीलाई मार्गदर्शन गर्ने कर्मचारी देखिँदैनन् । सुरक्षाकर्मीहरू जानकारी दिनुभन्दा कतिपय झर्कोफर्को गर्न व्यस्त देखिन्छन् । सार्वजनिक सेवा प्रवाहमा नागरिकलाई सूचना दिनुपर्ने न्यूनतम दायित्वसमेत प्रभावकारी रूपमा पूरा भएको देखिँदैन ।

जवाफदेहिताको अवस्था अझ निराशाजनक देखियो । संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनिल लम्सालको गुनासोका लागि सार्वजनिक गरिएको ह्वाट्सएप नम्बरमा सम्पर्क गर्दा फोन बन्द थियो । यातायात व्यवस्था विभागको वेबसाइटमा राखिएको सूचना अधिकारीको सम्पर्क नम्बर अपूरो देखियो ९ वटा नम्बरमात्र राखिएको छ भने अर्को सहायक नम्बर पनि बन्द अवस्थामा भेटियो । नागरिकले समस्या सुनाउने माध्यम नै बन्द भएपछि सरकारी संयन्त्रको उत्तरदायित्वमाथि स्वाभाविक रूपमा प्रश्न उठ्छ ।

प्रविधिमा समस्या आउनु अस्वाभाविक होइन । तर त्यसबेला नागरिकलाई समयमै स्पष्ट सूचना दिने, वैकल्पिक व्यवस्था गर्ने र गुनासो सुन्ने प्रणाली सक्रिय हुनु सरकारी निकायको दायित्व हो । इटहरीको यातायात कार्यालयमा भने समस्या प्रविधिको भन्दा पनि व्यवस्थापन, सञ्चार र जवाफदेहिताको देखियो ।

सरकारले सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउने दाबी गरिरहेका बेला एउटा सर्भर अवरूद्ध हुँदा सयौं नागरिक दुई दिनसम्म सेवा नपाई फर्किनुपर्ने अवस्था अन्त्य हुन सकेको छैन । सेवा रोकिए पनि सूचना स्पष्ट नहुने, सम्पर्क नम्बर नचल्ने र जिम्मेवार अधिकारी सम्पर्कविहीन हुने अवस्था कायम रहेसम्म नागरिकमैत्री प्रशासनको सरकारी दाबी व्यवहारमा स्थापित हुन कठिन देखिन्छ ।

यो समस्या इटहरीको मात्र होइन, देशभरका यातायात कार्यालयमा सर्वरको कारणले सेवाग्राहीले दुःख पाएका छन् । सेवा अवरूद्ध बनेको छ ।

***दुर्घटनासहित....*** उपमहानगरपालिका-२० स्थित सेउती पुलभन्दा करिब २०० मिटर दक्षिण (तरहरातर्फ) आफैं अनियन्त्रित भई दुर्घटनामा परेको छ । मृतक मध्ये राई करारका चालक थिए भने आचार्य प्राधिकरणका स्थायी हेल्परका रूपमा कार्यरत थिए । नेपाल विद्युत् प्राधिकरण धरान वितरण केन्द्रका प्रमुख हरिराम पोखरेलका अनुसार राति प्रसारण लाइनमा समस्या देखिएपछि पेट्रोलिङ तथा मर्मतका लागि कर्मचारी टोली स्कर्पियोमा घटनास्थलतर्फ गएको थियो । सोही क्रममा दुर्घटना भएको हो । गम्भीर घाइते भएका राई र आचार्यलाई तत्काल उपचारका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याइए पनि अस्पताल पुगेलगत्तै राति करिब १२:४५ बजे चिकित्सकले मृत घोषणा गरेका प्रहरीले जनाएको छ । दुर्घटनामा धरान-२० का अन्दाजी ३२ वर्षीय पदम राई घाइते भएका छन् । ज्यालादारी कर्मचारी रहेका उनको अवस्था सामान्य रहेको र प्रतिष्ठानमै उपचार भइरहेको प्राधिकरणले जनाएको छ ।

***बसाइसराइ....*** पहाडमा खेतीपाती गरेर गुजारा नहुने र आयआर्जनका अन्य बाटो नभएपछि शिक्षा, स्वास्थ्य र आधुनिक सुविधाको खोजीमा मानिसहरु मधेशका झापा, मोरङ र सुनसरी जिल्लामा केन्द्रित भइरहेका छन् । विशेषगरी खोटाङ, भोजपुर र पाँचथर जस्ता जिल्लाहरूबाट मानिसहरु बाहिरिने क्रम उच्च देखिएको छ ।

बसाइ सरेर आउने झापा, मोरङ र सुनसरीमध्ये पनि मोरङको सुन्दरहरैंचा नगरपालिकामा सबैभन्दा धेरै बसाइसराइ गरेर आउने गरेको पाइएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको अघिल्लो वर्षको तथ्यांकमा आधारित भएर आयोगले प्रदेशका सबैभन्दा बढी बसाइसराइ भएका स्थानीय तह र वडाहरूमा पुगेर अध्ययन गरेको थियो भने २० वर्षभन्दा कम अवधिमा ती ठाउँबाट बसाइ सरेर नयाँ ठाउँमा बसोबास थालेकाहरूसँग बसाइसराइ गर्नुपर्ने कारण र बसाइसरेपछिको उनीहरूको जीवनमा आएको बदलावको बारेमा अध्ययन गरेको थियो ।

### अन्तर्राष्ट्रिय

## पाकिस्तानमा भारी वर्षा, नौ जनाको मृत्यु

**एजेन्सी/** पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तस्थित कोहाट जिल्लामा सोमबार परेको अविरल वर्षापछि आएको बाढीका कारण एउटा घर भत्किँदा कम्तीमा नौ जनाको मृत्यु भएको छ भने १४ जना घाइते भएका छन् ।

उद्धार अधिकारीहरूका अनुसार कोहाट जिल्लाको लाची क्षेत्रअन्तर्गत मालगिन गाउँमा बाढीले घर क्षतिग्रस्त हुँदा त्यसमा रहेका २३ जना भग्नावशेषमा पुरिएका थिए ।

कोहाट र काराक जिल्लाका उद्धार टोलीले तत्काल उद्धार अभियान सञ्चालन गरी सबै पीडितलाई भग्नावशेषबाट निकालेर उपचारका लागि नजिकैको अस्पतालमा पुऱ्याएका छन् । मृत्यु हुनेमा छ जना महिला र तीन जना बालबालिका रहेका छन् । घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेकाले मृतकको संख्या अझ बढ्न सक्ने अधिकारीहरूले बताएका छन् । पाकिस्तानका विभिन्न क्षेत्रमा जारी मनसुनी वर्षाका कारण बाढी र डुबानको समस्या बढ्दै गएको छ । यसबाट पूर्वाधारमा क्षति पुगेको छ भने जनजीवन पनि प्रभावित बनेको छ ।

## विज्ञापनमा सरकारको एकद्वार नीतिमा सर्वोच्चको अंकुश

**दमक/** प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले निजी सञ्चारमाध्यमलाई सूचना-विज्ञापन नदिन गरेको निर्णयलाई सर्वोच्च अदालतले बदर गरिदिएको छ । सकारले निजी सञ्चारमाध्यमलाई विज्ञापन नदिने निर्णयसहित गरेको सर्कुलरलाई सर्वोच्च अदालतले बदर गरिदिएको हो ।

सर्वोच्चका न्यायाधीशहरु सारंगा सुवेदी र नृपध्वज निरौलायको इजलासबाट मंगलबार भएको यो निर्णयसँगै अब साविककोझैँ निजी सञ्चारमाध्यमहरूले सरकारी विज्ञापन पाउने बाटो खुलेको छ । सरकारको निर्णय गैरसंवैधानिक र गैरकानुनी भएको दाबीसहित नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले दायर रिटमा न्यायाधीशहरु सुवेदी र निरौलाको संयुक्त इजलासले यसअघि २३ असारमा मंगलबार निर्णय सुनाउने मिति तोकेको थियो ।

सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधान प्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको आरोप लगाउँदै मिडिया सोसाइटीले सर्वोच्च अदालतमा रिट दायर गरेको थियो । २०८२ चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो । रिटमा चौथो अङ्गले विरोध जनाएको र यसले असर पारेको जिकिर गरिएको थियो ।

***कृषिमा.....*** प्रविधिको सामान्य प्रयोग र उन्नत बिउका कारण धानको उत्पादकत्वमा केही सुधार आउनु आशालाग्दो पक्ष हो । आर्थिक वर्ष २०७६/७७ मा १४ लाख ५८ हजार हेक्टरमा ५५ लाख ५० हजार मेट्रिक टन धान उत्पादन भएकोमा, चालु आर्थिक वर्षमा क्षेत्रफल घटेर १३ लाख ७६ हजार हेक्टरमा सीमित हुँदा पनि उत्पादन बढेर ५७ लाख ५ हजार मेट्रिक टन पुगेको छ । कुल खेतीयोग्य जमिनको ५४ प्रतिशत भूभाग ओगट्ने र कृषि उत्पादनमा १३ प्रतिशत योगदान दिने धान खेतीमा देशका २७ लाखभन्दा बढी कृषक घरधुरी आश्रित छन् । यसले के देखाउँछ भने, यदि राज्यले सही नीति र प्रविधि दिने हो भने नेपाली माटोमा देशलाई आत्मनिर्भर बनाउने सामर्थ्य अझै बाँकी छ ।

अबको आर्थिक समृद्धिका लागि परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई त्यागेर व्यावसायिक, चक्लाबन्दी र सामूहिक खेतीतर्फ फड्को मार्नुको विकल्प छैन । तीनै तहका सरकारले केवल कागजमा मात्र होइन, व्यवहारमा कृषिलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । किसानलाई समयमै रासायनिक मल, उन्नत बिउ, सुलभ सिँचाइ र आधुनिक कृषि औजार उपलब्ध गराउँदै उत्पादित वस्तुको न्यूनतम समर्थन मूल्य र बजारको ग्यारेन्टी राज्य आफैँले लिनुपर्छ । हाम्रा पुर्खाले रगत र पसिना बगाएर उर्वर बनाएको यो पवित्र भूमिलाई बाँझो राखेर आयातित खाद्यान्नको जगमा समृद्धिको सपना देख्नु भ्रम मात्र हो । खेतीयोग्य जमिनको संरक्षण र कृषिको आधुनिकीकरण नै अहिलेको आवश्यकता र अन्नमा हुने आत्मनिर्भरताको एकमात्रै सर्त हो ।

***चिनी.....*** उखु किसानहरूले वर्षौंदेखि आफ्नो बक्यौता रकम नपाएको गुनासो गर्दै आएका छन् । रकम भुक्तानी नहुँदा आफूहरू आर्थिक समस्यामा परेको किसानहरूको भनाइ छ । प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ । पक्राउ परेका मिल सञ्चालकमाथि ठगीसम्बन्धी कसुरमा कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## ५५० मिटर सडक कालोपत्रे, गुणस्तरमा सम्झौता नगर्न निर्देशन



**भोजपुर/** भोजपुरको पूर्वी अरूण गाउँपालिकाले गौरवको आयोजनाअन्तर्गत वडा नं. ६ को खोलिटार-पाल्पाले सडक खण्डको ५५० मिटर भागमा कालोपत्रे सम्पन्न गरेको छ । आर्थिक वर्ष २०८२/८३ मा विनियोजित १ करोड रूपैयाँबाट पहिलो चरणको काम सम्पन्न गरिएको गाउँपालिकाले जनाएको छ ।

कुल ३ किलोमिटर लम्बाइ रहेको सडकको बाँकी भाग आगामी वर्षहरूमा क्रमिक रूपमा कालोपत्रे गरिने योजना रहेको गाउँपालिकाका अध्यक्ष शालिकराम खत्रीले बताए । उनका अनुसार स्थानीय पूर्वाधार विकासलाई प्राथमिकता दिँदै सडक स्तरोन्नतिलाई तीव्रता दिइएको हो ।

यसैबीच, अनुगमनका क्रममा केही स्थानमा प्राविधिक त्रुटि भेटिएपछि गाउँपालिका उपाध्यक्ष बिनिता ढकालले निर्माणको गुणस्तरमा कुनै सम्झौता नगर्न निर्माण व्यवसायी 'एसएनपीएस निर्माण सेवा'लाई तत्काल त्रुटि सुधार गर्न निर्देशन दिएकी छन् ।

गाउँपालिकाका इन्जिनियर सञ्जीव घिमिरेले काम निर्धारित मापदण्डअनुसार भएको र देखिएका सानातिना कमजोरी तत्काल सच्याइने बताए । वडा नं. ६ का अध्यक्ष गणेश टका राईले सडक कालोपत्रे भएपछि स्थानीयको आवतजावत सहज हुनुका साथै कृषि उपज बजारसम्म पुऱ्याउन सुविधा हुने र यसले क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

***ट्राफिक....*** गरिने बताए । उनले भने, 'हामीले जरिवानालाई वैज्ञानिक बनाउन लागेका हौं। गल्तीको प्रकृति, तिव्रता र पुनरावृत्तिका आधारमा ५ सयदेखि ५० हजारसम्मको सीमा निर्धारण गरिनेछ ।' नगद जरिवाना तिर्न नसक्नेहरूका लागि 'श्रम भुक्तानी' (श्रमदान) मार्फत जरिवाना तिर्न सक्ने नयाँ कानुनी व्यवस्था प्रस्ताव गरिएको उनले जानकारी दिए ।

फ्ल्याट खाली

दमक-५ मंगलदीप उत्तर अफिस प्रयोजनका लागि फ्ल्याट खाली छ ।

सम्पर्कका लागि: 9817000579

मेची बहुउद्देश्यीय सहकारी संस्था लि. दमक, झापाको

**धितो लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०८३।०३।३१ गते**

यस मेची बहुउद्देश्यीय सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न शीर्षक अन्तर्गतको कर्जा उपभोग गर्नु भएकोमा कर्जा लिँदाका बखत तोकिएको भुक्तानी तालिका अनुसार कर्जाको तिर्नुपर्ने किस्ता/ब्याज (साँवा, ब्याज) तथा कर्जा लिँदा कर्जा स्वीकृत पत्र अनुसारको सर्त कबुलियत उल्लंघन गर्नुभएको र पटक-पटक मौखिक एवं लिखित तरताकिता गर्दा समेत कर्जा तिर्न आलटाल र बेवास्ता गरी कर्जा रकम चुक्ता भुक्तान गर्ने तर्फ चासो नदेखाई बसेको र ऋण चुक्ता गर्न आउने बारेको ३५ (पैतीस) दिने र १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिँदा समेत उक्त कर्जा हालसम्म पनि चुक्ता भुक्तान नगरेकोले सो कर्जामा लेखिदिएको तपसिलमा उल्लेखित धितो सुरक्षण लिलाम बिक्री गरी यस सहकारी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्नुपर्ने हुँदा दोस्रो पटक यो धितो लिलाम बिक्रीसम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त कर्जामा लेखाई दिएको तपसिल बमोजिमको धितो सुरक्षण बापतको जयाजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरी संस्थाले आफ्नो कर्जा असुल उपर गर्नुपर्ने भएको हुँदा तपसिल अनुसारको सर्त बन्देज स्वीकार गर्न इच्छुक संघ संस्था तथा व्यक्तिहरुलाई न्यूनतम रेटमा बढाबढ गरी यो सूचना प्रकाशन गरेको मितिले १५ दिनभित्र कार्यालय समय ५ बजेसम्ममा आवेदन दर्ता गर्नुहुन सूचित गरिन्छ।

**तपसिल**

| क्र.स. | ऋणीको विवरण | धितो सम्पत्ति विवरण | वर्तमान बजार तथा संस्थागत मूल्यांकनकर्ताको मूल्य |
|---|---|---|---|
| १. | नाम: सौरव डोटेल<br>बाबु: कृष्णप्रसाद डोटेल<br>आमा: राधादेवी डोटेल<br>बाजे: दुर्गाप्रसाद डोटेल<br>वतन: कमल-४, झापा<br>ना.प्र.नं.:०४२०४२-२१३० (झापा) | जग्गा धनीको नाम: सौरव डोटेल, राधा देवी डोटेल<br>ठेगाना: कमल-४, झापा<br>जग्गा भएको स्थानको ठेगाना: साविक: तोपगाछी ४, झापा<br>हाल: कमल गा.पा. ४, झापा<br>जग्गाको कित्ता नं.: ६४१६, ४८६८, ४७८, ४८७०, ४८७१<br>जग्गाको क्षेत्रफल: ०-९-७-०, ०-६-१७.२५-० ०-२-०-०, ०-८-१४-०, ०-१-१.७५-० | १,४०,००,००० (अक्षरेपी एक करोड चालिस लाख रुपैयाँ मात्र) |

**लिलाम बोलपत्रसम्बन्धी शर्तहरु**

१ शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको प्रधान कार्यालय दमक-६, झापामा आइपुग्ने गरी पेश गर्नुपर्ने छ।
२) बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८३।०४।१३ गतेका दिन दिउँसो १:०० बजे संस्थाको प्रधान कार्यालय दमक-६, झापामा उपस्थित जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै जनप्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलामसम्बन्धी कार्य हुनेछ। बोलपत्रकर्ता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
६) बोलपत्रदाताले आफूले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबुल गरेको अंकको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी बापत संस्थामा बुझाएको सक्कल रसिद वा भौचर शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
७) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ।
८) बोलपत्रमा बोलपत्रकर्ता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र तथा पान दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।
९) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र संस्थामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ।
१०) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले २० दिनभित्र बाँकी सम्पूर्ण रकम संस्थामा बुझाई तोकिएको समयभित्र बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भइ धरौटी रकम स्वतः जफत हुनेछ।
११) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क दै दस्तुर, कर तथा अन्य शुल्क इत्यादी बोलपत्र दाताले नै व्यहोर्नुपर्नेछ।
१२) बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन।
१३) म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखी पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१४) बोलपत्र लगाउने अन्तिम मितिसम्ममा सम्बन्धित ऋणीले नै सम्पूर्ण रकम बुझाएमा बोलपत्रहरु रद्द गरी प्राप्त बोलकर्ताहरुले राखेको धरौटी रकम बिना ब्याज फिर्ता गरी सम्बन्धित ऋणीलाई नै निजको सम्पत्ति फिर्ता गरिनेछ।
१५) लिलाम गर्ने भनिएको उल्लेखित सम्पत्ति कसैले नबुझाएमा संस्था स्वयमूले सहकारी ऐन २०७४ को व्यवस्था अनुसार सकार गरी संस्थाको नाममा राख्ने छ।

मेची बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
Mechi Multipurpose Cooperative Society Limited
मुख्य कार्यालय: दमक-६, झापा

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल